मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पारसद्वारा सन्यास: पृष्ठ ६

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २४८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन २० गते बुधवार (Wednesday, August 4. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



## कुलमानलाई नियुक्त गर्न निर्देशन



**झापा, साउन १९।** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितमान शाक्यलाई हटाएर कुलमान घिसिङलाई नियुक्त गर्न प्रधानमन्त्री शेरबहादुर देउवाले निर्देशन दिएका छन् ।

प्रधानमन्त्री देउवाले मंगलवार ऊर्जामन्त्री पम्फा भुसाललाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङलाई नियुक्त गर्न निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालय स्रोतले जनाएको छ ।

यसअघि कुलमान घिसिङ नै विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक थिए । लोडसेडिङ अन्त्य गरेको जश पाएका घिसिङको कार्यकाल सकिएपछि फेरि उनलाई नै कार्यकारी निर्देशकमा नियुक्त गर्न दबाब थियो । तर, केपी शर्मा ओली सरकारले हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो ।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको रुपमा चार वर्ष काम गरेर उनी २०७७ साल भदौमा सेवानिवृत्त भएका थिए । घिसिङले चार वर्ष पदमा रहँदा देशलाई लोडसेडिङमुक्त गराउने, घाटामा गएको प्राधिकरणलाई नाफामा ल्याउने, अलपत्र परेका जलविद्युत् आयोजना सम्पन्न गर्ने, प्रशारण लाइन र सब-स्टेशनको निर्माण र मर्मतमा तीव्रता दिने, विद्युतीकरणमा जोड दिने लगायतका काम गरेका थिए ।

# ४० बर्ष भारतीय जेलमा रहेका दुर्गाको अवस्था जटिल बन्दै

**बिमल दहाल**

**इलाम, साउन १९।** भारतीय जेलमा बिनाकसुर ४० वर्ष बिताएपछि घर ल्याइएका ६१ वर्षीय दुर्गाप्रसाद तिम्सिनाको स्वास्थ्य अवस्था जटिल बन्दै गएको छ । माई-१० लुम्बाकमा परिवारसँगै बस्दै आएका उनी परिवार र समाजमा घुलमिल हुन समस्या भइरहेको अवस्थामा स्वास्थ्यमा थप जटिलता देखिएको हो ।

दुर्गाप्रसादको बोलीचाली र व्यवहार शुरुमा सहज भए पनि अहिले जटिल बनिरहेको छ । उनी मानसिक बिरामी झैं नालीको पानी उठाउँदै पिउने, आफ्नै सुत्ने कोठामा पिसाब गर्ने, घरका अन्य सदस्यलाई कुट्न झम्टिने, घरमा थाह नदिई टाढा-टाढासम्म घुम्ने लगायतका अनौठो कार्य गर्न थालेका छन् । 'पहिला-पहिला अधिकांश समय मानसिक रूपमा ठीक अवस्थाको बोली-व्यवहार थियो'- दुर्गाप्रसादका भतिज गोपाल तिम्सिनाले भने- 'दिन बित्दै गएपछि उहाँको अवस्था झन्-झन् असहज र जटिल बन्दैछ ।' गोपाल भन्छन्- घरमा खाना खुवाउन, लुगा लगाउन, सरसफाई लगायतका काम गराउन ठूलो बुवालाई केही साता यता गाह्रो परिरहेको छ । गोपालले भने- 'चिकित्सकले बिस्तारै मानसिक अवस्था ठीक हुन्छ भन्ने सल्लाह दिएका थिए तर अवस्था चाहिँ झन्-झन् बिग्रँदै गएको छ ।'

उनलाई गत बैशाखमा विराटनगरस्थित विराट मेडिकल कलेजमा १७ दिन उपचार गरी घर ल्याइएको थियो । 'चिकित्सकले उहाँको मानसिक अवस्था ठीक छ, बिस्तारै सुधार हुन्छ भनेका थिए तर उहाँको अबस्थामा त झन जटिल बन्दै गयो- गोपाल भन्छन्- मनोचिकित्सकसँग पनि परामर्श गरिएको हो, उहाँहरुले पनि ठीक हुन्छ भन्नु भएको थियो । तर, अवस्था जटिल हुँदै गएको छ ।

दुर्गाप्रसादले घर छाडेर हिंडेपछि परिवार तत्कालीन एकतप्पा गाउँ पञ्चायतबाट माई नगरपालिका-१०, लुम्बाकमा बसाइँ सरेको थियो । दुर्गाप्रसाद बेला-बेला छाडा शव्द बोल्दै मेरो घर एकतप्पा हो, एकतप्पा नै जान्छु, मलाई भारतको जेलमै पुऱ्याइदिनू भन्दै झगडा गर्ने, बर्बराउने गर्छन् । अभद्र कुरा र कार्य गर्दै परिवारलाई समेत त्रसित बनाउँछन् ।



स्थानीय समाजसेवी शिवप्रसाद अधिकारीले दुर्गाप्रसादलाई लामो समय उपचारका लागि अन्यत्र लानु पर्ने अबस्था भएको बताएका छन् । उनले एकपटक सबै सहयोगी निकाय र व्यक्तिलाई दुर्गाप्रसादको अबस्था हेरिदिन समेत आग्रह गरे । दुर्गाप्रसादलाई १ नम्बर प्रदेश सरकारमार्फत गत बैशाखमा विराटनगरस्थित बिराट मेडिकल कलेजमा १७ दिन अस्पतालमै राखेर उपचार गरिएको थियो भने माई नगरपालिकाले ५० हजार नगद र यातायात खर्च १७ हजार रुपैयाँ प्रदान गरेको थियो । गोपाल भन्छन्- 'धेरै संघ-संस्थाले ठूलो बुवाको लागि सहयोग गर्ने गरेको भएता पनि उहाँले पाएको ४० बर्षको बिना कसुर सजायको क्षतिपूर्ति दिलाउन कसैबाट सहयोग नपाएको गुनासो गरे । उनले भने- क्षतिपूर्ति आए त्यसैबाट ठूलो बुवाको उपचार गर्ने थियौं ।'

दुर्गाप्रसाद २० वर्ष उमेर छँदा २०३७ साल माघमा घर छाडी बेपत्ता भएका थिए । घर छाडेकै वर्ष भारत दार्जीलिङमा एक महिलाको हत्या आरोपमा जेल परेका उनी गत फागुनमा भारतकै कोलकातास्थित दमदम कारागारमा भेटिएका हुन् । विभिन्न संघ-संस्थाको पहलमा उनलाई गत चैत ८मा आफ्नी वृद्धा आमासहितको परिवार रहेको लुम्बाकस्थित घर ल्याइएको थियो ।

सन् १९८१मै जेल परेका उनको मुद्दामा कुनै सुनुवाई नै भएन । यसरी लामो समय जेलमै कोचिएको थाह पाएपछि कोलकाता हाइकोर्टले महावाणिज्य दूतावासमार्फत् ६/६ महिनामा दुर्गाप्रसादको स्वास्थ्य अवस्थाबारे जानकारी गराउने गरी गत चैत ७मा रिहा गरेको थियो । चिकित्सकले उनले ९ वर्ष ९ महिनाको बालकको जस्तो बोली-व्यवहार मात्र गर्नसक्ने रिपोर्ट दिएका थिए । जेलबाट छुटेपछि दुर्गाप्रसादले आफूले हत्या गरेको नभई कसैले फसाएको बताएका थिए ।

एकतप्पा गाउँ पञ्चायत-८, खँगुवा (हाल फाकफोकथुम गाउँपालिका) का दुर्गाप्रसाद मंगलबारे बजारको बुधबारे हाटमा तोरी बेच्न भनी हिँडेका थिए । त्यस यता बेपत्ता उनी जिउँदै छन् या छैनन् भन्ने नै परिवारजनलाई थाहा थिएन । घरबाट हिँडेपछि उनी दार्जीलिङमा रोजगारी गरिरहेको अपुष्ट खबर आएको थियो । तर, दार्जीलिङमा त्यतिबेला गोर्खाल्याण्ड आन्दोलन चलिरहेकाले त्यहीं उनको मृत्यु भएको अनुमान परिवारलाई थियो ।

१० वर्षअघि दुर्गाप्रसादसँगै जेलमा बसेका भारतीय नागरिक राधेश्याम दासले आफू पुनः अर्को मुद्दामा

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोरोना संक्रमण भारतको भन्दा चारगुना बढी

**काठमाडौं, साउन १९।** नेपालमा कोरोनाभाइरस सङ्क्रमित मानिसको कूल संख्या सात लाख र मृत्यु हुनेको संख्या १०,००० पुग्न लागेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार अपवादबाहेक अझै सङ्क्रमण पुष्टि दर २० प्रतिशतभन्दा घट्न सकेको छैन । अर्थात् १०० जना मानिसको परीक्षण गर्दा सरदर २० जनामा कोभिड पुष्टि हुने गरेको छ ।

सोमवारकै तथ्याङ्क हेर्दा २४ घण्टाभित्र परीक्षण गरिएका नमूनामध्ये २२ प्रतिशतभन्दा बढीमा सङ्क्रमण पाइयो । अतिसङ्क्रामक मानिएको डेल्टा भेरियन्टको उत्परिवर्तन हालै नेपालमा पनि पुष्टि भएपछि कोभिड महामारीबारे थप चिन्ता र चासो व्यक्त भइरहेका छन् ।

**दक्षिण एशियामा संक्रमण र मृत्यु**

भारतमा मङ्गलवार बिहानसम्म कूल ३ करोड १६ लाख ९५ हजार ९ सय ५८ जना कोरोनाभाइरस सङ्क्रमित भएका छन् भने ४ लाख २४ हजार ७ सय ७३ जनाको मृत्यु भएको जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्कले देखाएको छ ।

भारतपछि बंगलादेशमा हालसम्म कूल १२ लाख ८० हजार तीन सय १७ जनामा सङ्क्रमण पुष्टि भएको छ भने २१ हजार एक सय ६२ जनाले ज्यान गुमाएका छन् । पाकिस्तानमा कूल सङ्क्रमण संख्या १० लाख ३९ हजार छ सय ९५ जना पुगेको छ भने २३ हजार चार सय ६२ जनाको मृत्यु भएको छ । नेपालमा सोमवार अपरान्हसम्म कूल सङ्क्रमितको सङ्ख्या ६ लाख ९९ हजार ६ सय ४९ जना पुगेको थियो भने ९ हजार ८ सय ९८ जनाको कोभिड-१९ का कारण मृत्यु भएको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्क अनुसार श्रीलङ्कामा हालसम्म ३ लाख १३ हजार सात सय ६९ जना सङ्क्रमित छन् भने ४ हजार ५ सय ६६ जनाको मृत्यु भएको छ । अफगानिस्तानमा १ लाख ४७ हजार ९ सय ८५ जना सङ्क्रमित भएका छन् भने ६ हजार सात सय ७४ जनाको मृत्यु भएको छ ।

माल्दिभ्समा ७७ हजार ६ सय ३३ जना ङ्क्मित छन् भने २ सय २१ जनाको मृत्यु भएको छ । दक्षिण एशियाली मुलुकमध्ये भुटानमा सबैभन्दा कम सङ्क्रमण र मृत्यु भएको तथ्याङ्क छ । त्यहाँ हालसम्म २ हजार पाँच सय २४ जना मात्र सङ्क्रमित छन् भने कोभिड-१९ का कारण दुई जनाको मृत्यु भएको जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्क छ ।

**संक्रमण दर कस्तो छ ?**

दक्षिण एशियाली मुलुकमध्ये बंगलादेशमा अहिले सङ्क्रमण दर सबैभन्दा उच्च देखिएको छ । अहिले तेस्रो लहर खेपिरहेको बाङ्लादेशमा सङ्क्रमण पुष्टि दर ३० प्रतिशत रहेको बंगलादेशले जनाएको छ ।

नेपालमा पछिल्ला केही साता यता १९ देखि २३ प्रतिशतको बीचमा सङ्क्रमण दर पुष्टि हुने गरेको स्वास्थ्य मन्त्रालयको

*(बाँकी अन्तिम पृष्ठमा)*

# एक करोडको टमाटर आयात, दुई करोडको बन्दा निर्यात

**लक्ष्मी उप्रेती**

**मेचीनगर, साउन १९।** पूर्वी नाका काँकरभिट्टाबाट गत आर्थिक वर्ष २०७७/७८मा ९६ लाख रुपैयाँको गोलभेंडा (टमाटर) आयात भएको छ ।

कृषिप्रधान देशमा उपभोक्ताको माग अनुरूप स्वदेशी उत्पादनले नधानेपछि एक वर्षको अवधिमा गोलभेंडा खरिदमा मात्र ९६ लाख १६ हजार रुपैयाँ बाहिरिएको हो ।

क्वारेन्टिन कार्यालय काँकरभिट्टाको तथ्याङ्क अनुसार आर्थिक बर्ष २०७७/०७८मा भारतबाट मात्र ६ सय एक मेट्रिक टन गोलभेंडा (टमाटर) मात्र आयात भएको छ । सोही अवधिमा पूर्वी नाका काँकरभिट्टाबाट ८ मेट्रिक टन अथवा ८० हजार रुपैयाँ मूल्य बराबरको




गोलभेंडा (टमाटर) भारततर्फ निर्यात भएको कार्यालयका बरिष्ठ बाली संरक्षण अधिकृत देवेन्द्र साहूले बताए ।

उनका अनुसार सोही अवधिमा नेपालबाट ताजा तरकारीमा सबैभन्दा बढी बन्दाकोपी निर्यात भएको छ । कार्यालयका अनुसार २ करोड ४७ लाख ५२ हजार रुपैयाँ मूल्य बराबरको १ हजार ९ सय ४ मेट्रिक टन बन्दाकोपी भारततर्फ निर्यात भएको छ । निकासी व्यपारमा बन्दाकोपीको निर्याततले महत्वपूर्ण टेवा पुऱ्याउने गरेको छ । पूर्वी पहाडी जिल्ला संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा, इलाम, पाँचथर, ताप्लेजुङमा व्यवसायिक रुपमा किसानले उत्पादन गररेको बन्दा धेरजसो भारतर्फ निर्यात हुने गरेको कार्यालयले जनाएको छ । भारतमा नेपाली बन्दाकोपीको माग उच्च रहेको छ । कहिले काही त माग अनुसार पूर्ति गर्न नसकिने

*(बाँकी अन्तिम पृष्ठमा)*

## म्याद सकिएका बस्तुमा नयाँ लेवल राखी बेच्ने प्रक्राउ

**काठमाडौँ, साउन १९।** म्याद सकिएका कस्मेटिक तथा सवारीसाधन सफा गर्ने वस्तुमा नयाँ मिति राखेर बजारमा बिक्री गर्ने दुई जनालाई प्रक्राउ गरिएको छ ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नेपाल प्रहरीको सहयोगमा अविनाश अग्रवाल र महावीर गुजार ( भारतीय नागरिक) लाई पक्राउ गरेको हो ।

दुई जनाले म्याद सकिएका वस्तुमा नयाँ मिति राखेर बिक्री गर्दै आएको गुनासोका आधारमा विभागले प्रहरीको समन्वयमा आइतबार काठमाडौं जिल्ला नागार्जुन नगरपालिका-१५ सानो भऱ्याङस्थित रहेको समीट कमर्सियल प्रालिमा छापा मारेको थियो ।

कम्पनीले उपयोग गर्ने म्याद समाप्त भएका कस्मेटिक तथा सवारी साधन सफा गर्न प्रयोग हुने वस्तुहरूमा नयाँ लेबल लगाई बिक्री वितरण गरेको भेटिएपछि गोदाममा शिलबन्दी गरिएको विभागका प्रवक्ता शिवराज सेढाइँले जानकारी दिए । गोदाममा छापा मारेर सञ्चालकलाई नियन्त्रणमा लिएपछि थप अनुसन्धानको काम शुरु भएको छ । हामीले थाह पाएसम्म भारतलगायतका देशबाट उक्त वस्तुको आयात गरी खुद्रा तथा होलसेललाई बिक्री गर्ने गरेका रहेछन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**पत्रकार आचारसंहिताको पालना गरौं**

पत्रकार तथा सञ्चारमाध्यमले
- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लील, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रशारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**खाद्यान्न विक्रीका लागि नापतौल गर्दै:** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय ताप्लेजुङको खाद्य गोदाममा चामल विक्रीका लागि नापतौल गर्दै कर्मचारी । **तस्वीर : दिलकुमार लिम्बू/रासस**

## पारसद्वारा सन्यास

**काठमाडौं, साउन १९।** नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने घोषणा गरेका छन् ।

उनले क्रिकेट यात्रामा साथ, समर्थन, माया र हौसला दिने सबैप्रति ऋणी रहने भन्दै मंगलवार सामाजिक सञ्जालमार्फत सन्यास घोषणा गरेका हुन् । उनले नेपालका लागि खेल्नु आफ्नो जीवनको सर्वश्रेष्ठ उपलब्धि हो भनेका छन् । मैदानभित्र दुई दशक रहुन्जेल मीठो यादका रुपमा आफूसँग रहने उल्लेख गर्दै खड्काले नेपाली क्रिकेटलाई सबैले मिलेर नयाँ उचाइमा पुऱ्याउने विश्वास समेत व्यक्त गरेका छन् ।।

लामो समय नेपाली राष्ट्रिय टोलीको कप्तानी गरेका खड्काले सम्पूर्ण नेपाली क्रिकेट समर्थक र सरोकारवालाप्रति कृतज्ञता व्यक्त गर्दै अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिने निर्णय लिएको बताए । सन् २००२ मा १५ वर्षको हुँदा आफूले क्रिकेट यात्रा शुरु गरेको उल्लेख गर्दै खड्काले आफ्नो जीवनमा देखेको सपना भनेको नै नेपाली क्रिकेटको उन्नति भएको बताए ।



नेपालमा क्रिकेटको विकासका लागि सम्पूर्ण क्रिकेट समाज र सरोकारवालाहरुको संयुक्त प्रयासको आवश्यकता रहेको खड्काको भनाइ छ । यसका लागि सबैमा इमानदारीको खाँचो भएको उनले सामाजिक सञ्जालमार्फत उल्लेख गरेका छन् । ३३ वर्षीय खड्का सन् २००९मा नेपाली क्रिकेट टोलीको कप्तान बनेका थिए । उनले सन् २०१९ सम्म कप्तानीको भूमिका निर्वाह गरे ।

## जन्मोत्सवमा पत्रकार रञ्जित परियारद्वारा पत्रकार उपचार कोषलाई सहयोग



**बिर्तामोड, साउन १९।** नेपाल पत्रकार महासंघ झापा शाखाका कार्यसमिति सदस्य रञ्जित परियारले आफ्नो जन्मोत्सवको अवसर पारी पत्रकार सहारा उपचार कोषलाई ११ हजार एक सय ११ रुपैयाँ प्रदान गरेका छन् ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोषका लागि परियारले मंगलवार उक्त रकम प्रदान गरेका हुन् । महासंघ झापाका अध्यक्ष एकराज गिरी, उपाध्यक्ष केशव भट्टराई र कोषाध्यक्ष रञ्जित प्रसाईंलाई उनले उक्त रकम प्रदान गरेका हुन् । झापा अर्जुनधारा-११ निवासी परियार डेढ दशकदेखि पत्रकारितामा छन् । जन्मोत्सवको शुभ अवसरमा झापाली पत्रकारहरुको हितमा योगदान गर्न आफूले रकम प्रदान गरेको उनले बताए ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोषमा एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु बिरामी तथा दुर्घटनामा घाइते हुँदा उपचारमा सहयोग प्रदान गरिँदै आएको छ । कोषमा हाल ४५ लाख रुपैयाँ जम्मा भइसकेको छ । पत्रकार परियारले आफूले झैं अरुले पनि जन्मोत्सव, विवाह उत्सव तथा पितृको स्मृति जस्ता सन्दर्भमा केही रकम योगदान गर्ने हो भने कोषलाई एक करोड रुपैयाँ बनाउन सहयोग पुग्ने बताएका छन् ।

महासंघ झापा शाखाले संघ-संस्था, सहकारी, बैंक, दाता सबै क्षेत्रलाई एकपटक पत्रकारको दिगो हितका लागि स्थापना भएको उपचार कोषमा सहयोग गर्न आव्हान गरेको छ ।

## 'वासु' माविलाई सहयोग



**दुहागढी, साउन १९।** आफ्नी दिवंगत आमाको वार्षिक पुण्यतिथिको अवसर पारेर स्थानीय कार्की परिवारले बाल सुबोधिनी माध्यमिक विद्यालयलाई १ लाख रुपैयाँ सहयोग गरेका छन् ।

आफ्नी दिवंगत माता होमकुमारी कार्कीको वार्षिक पुण्यतिथिमा आयोजना गरिएको सप्ताह पुराण समापनको अवसरमा बाल सुबोधिनी माविका संस्थापक अध्यक्ष स्व. विष्णुकुमार कार्कीका छोरी, बुहारी एवम् कार्की परिवारले विद्यालयलाई सहयोग गरेका हुन् ।

पुराण समापन स्थलमा विद्यालयका प्रधानाध्यापक विश्व थापालाई स्व. कार्कीकी जेठी छोरी लता मैनाली र बुहारी कमला कार्कीसहित दाताहरुले संयुक्त रुपमा सो रकम हस्तान्तरण गरेका थिए ।

सोही कार्यक्रमकाबीच कार्की परिवारले स्थानीय पञ्चेश्वर शिवालय मन्दिरका अध्यक्ष हरिप्रसाद घिमिरे र सचिव प्रेमप्रसाद मिश्रलाई समेत मन्दिरको विकासका लागि १ लाख रुपैयाँ सहयोग प्रदान गरेका थिए । रकम ग्रहण गर्दै विद्यालयका प्र.अ. थापा र मन्दिरका अध्यक्ष घिमिरेले दाताहरुलाई धन्यवाद ज्ञापन गरेका थिए ।

## दुहागढीमा दुले चोरको विगविगी

**दुहागढी, साउन १९।** दुले चोरले हैरान पार्न थालेपछि मेचीनगर-१४ दुहागढीका स्थानीयबासी चिन्तित बनेका छन् ।

वडाका विभिन्न टोलमा दैनिक जसो चोरीका घटना बढ्न थालेपछि स्थानीयबासी चिन्तित बनेका हुन् । यसै क्रममा सोमबार राति मिलडाँडा टोलका राजेन्द्र गुरागाँईंको घरमा ३० हजार नगद र १ थान नयाँ मोबाइल सेट चोरी भएको छ । सोही रात हाटखोला टोलकी तुलसा न्यौपानेको घरमा चोरहरुले चोरीको प्रयास गर्दा घरधनीले थाह पाएपछि चोरहरु भागेको न्यौपानेले बताएकी छिन् ।

त्यसैगरी मिलडाँडा टोलका कामुन्दा बिर्जाको मोटर र मोबाइल सेट तीन साता अघि चोरी भएको थियो । वडाका अन्य टोलहरुमा सडक बत्तीको व्यवस्था भए पनि मिलडाँडा टोलमा वडाले सडकबत्तीको व्यवस्था नगरिदिँदा आफूहरु दुले चोरको पीडा भोग्दै अन्धकारमा बस्न बाध्य भएको टोलबासीहरुले गुनासो गरेका छन् ।

## नयाँ भेरिएन्टका दुई हजारभन्दा बढी संक्रमित

**दक्षिणकोरिया, साउन १९।** दक्षिण कोरियामा गएको हप्ता दुई हजारभन्दा बढी सङ्क्रमित भेटिएका छन् । ती सङ्क्रमित नयाँ भेरिएन्टका भएका बताइएको छ ।

दक्षिण कोरियाका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको हप्तामा दुई हजार १०९ नयाँ भेरिएन्टका सङ्क्रमित भेटिएका थिए ।

यो तथ्याङ्कसहित गएको हप्तामा कोभिड-१९का नयाँ भेरिएन्टबाट संक्रमितको संख्या आठ हजार १ सय २५ जना पुगेको बताइएको छ ।

नयाँ भेरिएन्ट जुलाई २५ मा भेटिएको थियो । यो समेत गरी यहाँ त्यस यता नयाँ भेरिएन्टका २५ हजार २४० जना सङ्क्रमित पाइएका हुन् ।

## भारतमा थप ३०५४९ कोरोना संक्रमित

**भारत, साउन १९।** भारतमा कोरोना भाइरसबाट थप ३० हजार ५४९ जना सङ्क्रमित भएका छन् ।

कोरोना भाइरसबाट सङ्क्रमितको कूल सङ्ख्या तीन करोड १७ लाख २६ हजार ५०७ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ ।

भारतमा अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख, चार हजार ९५८ रहेका छन् । यो संख्या कूल सङ्क्रमितको १.२८ प्रतिशत हो ।

गत २४ घण्टाको अवधिमा कोरोना भाइरसका कारण भारतमा ४२२ जनाको मृत्यु भएको छ । कोरोना सङ्क्रमणका कारण कूल मृतकको सङ्ख्या चार लाख २५ हजार १९५ पुगेको पनि मन्त्रालयका अधिकारीले जनाएका छन् । पछिल्लो २४ घण्टामा भारतमा ३८ हजार ८८७ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोरोना भाइरसको महामारी फैलिएदेखि अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कूल सङ्ख्या तीन करोड आठ लाख ९६ हजार ३५४ रहेको छ ।

सरकारी अधिकारीले दिएको जानकारी अनुसार कूल सङ्क्रमितमध्ये ९७.३८ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भइसकेका छन् । हालसम्म यहाँ ४७ करोड १२ लाख ९४ हजार ७८९ जनाको कोरोना भाइरस परीक्षण गरिएको छ । हिजो एकैदिनमा १६ लाख ४९ हजार २९५ जनाको कोरोना परीक्षण भएको थियो ।

भारतमा गत जनवरी १६बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि अहिलेसम्म ४७ करोड ८५ लाख ४४ हजार ११४ डोज कोरोना भाइरसविरुद्धको खोप लगाइएको छ ।

## 'महाकालीमा बेपत्ता जयसिंह धामीको खोजी जारी छ'

**काठमाडौं, साउन १९।** गृहमन्त्री बालकृष्ण खाँणले दार्चुलाको महाकाली नदीमा बेपत्ता भएका ३३ वर्षीय जयसिंह धामीको खोजी जारी रहेको जानकारी दिएका छन् ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा सार्वजनिक महत्वको विषयमा जानकारी दिँदै गृहमन्त्री खाँणले उक्त घटनाको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय, दार्चुला मातहतका प्रहरीचौकी लालीदेखि दुम्लिङसम्म नौ वटा प्रहरी इकाइ तथा सशस्त्र प्रहरी बल, सीमा सुरक्षाका पाँच वटा बेसबाट खोजी भइरहेको बताए ।

सो क्रममा सीमावर्ती जिल्ला बैतडी र कञ्चनपुर जिल्लासँग पनि स्थानीय तहबाट समन्वय गरिएको उनले बताए । दार्चुलाको व्यास गाउँपालिका-२ खाङदाङ माल बस्ने धामी सोही गाउँपालिकाको वडा नं २ मूलघाटबाट भारतको गस्तु पुग्न महाकाली नदीको तुइन तर्ने क्रममा यही साउन १५ गते नदीमा खसरेर बेपत्ता भएका थिए ।

धामी बेपत्ता भएपछि नरेन्द्रसिंह धामीसमेत तीन जनाले जिल्ला प्रशासन कार्यालय दार्चुलामा निवेदन दिएका थिए । सोही दिन गृह मन्त्रालयको निर्देशनमा जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट उक्त घटनाको सम्बन्धमा वास्तविक छानबिन गर्न सशस्त्र प्रहरी बल नेपाल गण नं. ४४ बाट सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्रबहादुर चन्द र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका विक्रम सिंह ढाटसहित तीन जनाको टोली स्थलगत छानबिनको लागि घटनास्थल खटिएको थियो ।

गृहमन्त्री खाँणले जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतको पिथौरागढस्थित जिल्लाधिकारीलाई उक्त घटनाबारे ध्यानाकर्षण गराउँदै पत्राचार गरेको जानकारी गराए । उनले बेपत्ता जयसिंह धामीभन्दा अगाडि उक्त स्थानको तुइनबाट भारतर्फ पुगेका बहादुरसिंह धामी, अमरसिंह धामी, गौरसिंह धामी र मणिरामसिंह धामीसँग सोधपुछ भइरहेको बताए ।

नदी तर्न बाँकी अनिता धामी, विक्रम रङकोली र कल्याण धामीसँग यसबारे जानकारी लिन जिल्ला सदरमुकाममा बोलाइएको, जिल्ला प्रशासन कार्यालय दार्चुलामा सर्वदलीय बैठक भएको, तथा भारततर्फका नेसनल डिजास्टर रेस्पोन्स फोर्स र एसएसबीबाट पनि खोजी भइरहेको गृहमन्त्री खाँणले बताए ।

उक्त घटनाको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने सम्बन्धमा साउन १७ गते गृहमन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव जनार्दन गौतमको संयोजकत्वमा गठित छानबिन समिति घटनास्थल गइसकेको सदनलाई जानकारी दिए ।

समितिमा नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक पुरुषोत्तम कँडेल, सशस्त्र प्रहरी बल नेपालका प्रहरी वरिष्ठ उपरीक्षक सुरेशकुमार श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा र जिल्ला प्रशासन कार्यालय दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट( जोशी) गरी पाँच जना रहेका छन् ।

नेपालबाट भारतीय सीमा प्रवेश गर्न अहिले पनि तुइनको प्रयोग भइरहेको तथा महाकाली नदीमा चार वटा झोलुङ्गे पुल निर्माणाधीन रहेका मन्त्री खाँणले जानकारी दिए ।

गृहमन्त्रीको वक्तव्यप्रति सांसदहरु खगराज अधिकारी, योगेश भट्टराई, गगनकुमार थापा, शेरबहादुर तामाङ, शान्ता चौधरी, विमला विक, गणेशसिंह ठगुन्ना, महेश बस्नेत, देवेन्द्रराज कँडेल, दीलेन्द्रप्रसाद बडू, पुष्पा भुषाल गौतम, डिला सङ्ग्रौला पन्त, पदम गिरी, राजेन्द्रकुमार केसी, यशोदा सुवेदी गुरुङ, प्रेम सुवाल र विशाल भट्टराईले प्रतिप्रश्न गरेका थिए ।

## 'सरकार ! तुइन विस्थापन गरियोस्'

**काठमाडौं, साउन १९।** प्रतिनिधिसभाको मंगलवारको बैठकमा सांसदहरुले देशैभरिका तुइन विस्थापन गरी पुल निर्माण गर्न माग गरेका छन् ।

बैठकको विशेष समयमा उनीहरूले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पटक-पटक तुइन विस्थापन भएको भने पनि अहिले पनि दुर्गम जिल्लामा तुइन यथावत् रहेको जनाउँदै जतिसक्दो चाँडो तुइन विस्थापन गरी पुल निर्माण गर्न जोड दिएका हुन् ।

नेपाली कांग्रेसका दिलेन्द्र बडूले भने- पूर्वप्रधानमन्त्री ओलीले तुइन विस्थापन भयो भन्नुभएको होइन ? तुइन त जहाँको तहीँ छ, अब यो सरकारले तुइन विस्थापन गरी पुल निर्माण गर्नुपर्छ । दार्चुला घटनाबारे राजनीतिक ढाकछोपभन्दा पनि निष्पक्षरुपमा छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्छ ।

यही साउन १५ गते दार्चुलाको मालघाटमा महाकाली नदी तर्ने क्रममा भएको दुर्घटनामा स्थानीय जयसिंह धामी नदीमा खसेर बेपत्ता भएका छन् । नेकपा (एमाले) का डा. सूर्यप्रसाद पाठकले दार्चुला घटनाबारे नेपाल सरकारले भारत सरकारसँग वार्ता गर्न नसकेको भन्दै दुःख व्यक्त गर्दै घटनाबारे निष्पक्ष छानबिनको माग गरे ।

नेकपा (माओवादी केन्द्र) का सुरेन्द्रकुमार कार्कीले पार्टीगत र व्यक्तिगत स्वार्थभन्दामाथि उठेर देश र जनताको पक्षमा काम गर्न सरकार, राजनीतिक पार्टी र नेतालाई अनुरोध गर्नुभयो । जनता समाजवादी पार्टीका सांसद रामबाबुकुमार यादवले नागरिकता विधेयक कहाँ पुग्यो भनी प्रश्न गरे । नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले आव २०७८/०७९ ले गरिब, मजदूर किसानलाई समेट्न नसकेको बताए । (एमाले) का विन्दा पाण्डेले दार्चुला जिल्ला घटनाबारे सत्यतथ्य छानबिन गरी यथाशीघ्र संसद्मा जानकारी गराउन माग गरिन् ।

नेपाली कांग्रेसका देवेन्द्रराज कँडेलले दार्चुला घटनाबारे छानबिनको माग गरे । नेकपा (माओवादी केन्द्र) का गजेन्द्रबहादुर महतले राजनीतिक दलका नेताहरु जनताको समस्याभन्दा पनि व्यक्तिगत स्वार्थमा लागेको आरोप लगाए ।

जनता समाजवादी पार्टीका लीलादेवी सिटौलाले भनिन्- कोरोना खोप वितरणमा असमानता भएकाले समानरुपमा वितरण हुनुपर्छ ।


## लेखापाल आवश्यकता

बिर्तामोडको एक कार्यालयलाई कम्प्युटरमा Talley चलाउन सक्ने लेखापाल आवश्यकता परेकोले इच्छुक योग्यता पुगेका व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८५२६८०५८१


### कोरोना ...

तथ्याङ्कले देखाउँछ । कोभिड महामारीको चौथो लहर झेलिरहेको पाकिस्तानमा अहिले देशव्यापी औसतमा ८ प्रतिशत सङ्क्रमण दर पाइएको बीबीसी उर्दूले जनाएको छ । केही साताअघिसम्म संसारमै ठूलो सङ्ख्यामा दैनिक सङ्क्रमित र मृतकको सङ्ख्या पुष्टि हुने गरेको भारतमा अहिले त्यो ओरालो लाग्ने क्रममा छ ।

भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो समय त्यहाँ पाँच प्रतिशतभन्दा कम सङ्क्रमण दर देखिएको छ ।

**नेपालको अवस्थाबारे विज्ञ के भन्छन् ?**

नेपालमा सङ्क्रमण नियन्त्रण तथा रोकथाम र खोप कार्यक्रमको गतिलाई लिएर विज्ञले असन्तोष व्यक्त गरेका छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा. वासुदेव पाण्डेले भने- सङ्क्रमण दर अझै पनि २० प्रतिशत देखिनु भनेको दक्षिण एशियामा नेपालको अवस्था गम्भीर नै छ भन्ने हो । यसले नियन्त्रणमा नरहेको देखाउँछ । स्वीकार्य तहमा भन्नलाई सङ्क्रमण दर पाँच प्रतिशतभन्दा मुनि नै हुनुपर्छ, जस्तो कि अहिले भारतमा छ ।

सङ्क्रामक रोग विशेषज्ञ डा. अनूप सुवेदी सरकारले अझै पनि पर्याप्त परीक्षण गर्न नसकेको बताउँछन् । अझै पनि २० प्रतिशतभन्दा बढी सङ्क्रमण देखिनु भनेको त परीक्षण गर्नुपर्ने मानिसमध्ये एकदम कमले परीक्षण गराउन पाएका रहेछन् भन्ने थाहा हुन्छ ।

यसको अर्थ ९० देखि ९५ प्रतिशतसम्म जनसङ्ख्या सङ्क्रमित नभएसम्म यो सङ्ख्या बढिरहन्छ । महामारी आफैँ कम हुने अवस्थामा जाँदैन- उनले थपे । डा. पाण्डेको बुझाइमा पनि सरकारले हालसम्म परीक्षण गर्दै आएकामध्ये 'स्वस्थ्य जनसङ्ख्या'को अंश बढी छ ।

**नेपालले अब के गर्नुपर्छ ?**

जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गराउनुका साथसाथै परीक्षण तथा खोप कार्यक्रमलाई व्यापक पार्नुपर्ने विज्ञहरूको सुझाव छ ।

कि त खोप दिने कामलाई व्यापक बनाउनुपर्‍यो कि त उच्च जोखिममा पर्ने समूहलाई पर्याप्त मात्रामा खोप दिन सक्नुपर्‍यो, अनि मात्रै सफल भइन्छ- सङ्क्रामक रोग विशेषज्ञ सुवेदी सुझाउँछन् ।

आउँदा दिनमा सङ्क्रमण अझ बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै पूर्वतयारी अगाडि बढाउनुपर्नेमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक पाण्डेको जोड छ । अब चाडवाडको समय पनि आउन लागेको छ । त्यो भएर सरकारी तवरबाटै निजी अस्पताल समेतलाई तयारी अवस्थामा राख्नुपर्छ- उनले भने ।

प्रतिबन्धात्मक कदमहरू खुकुलो पारिएसँगै जनस्वास्थ्यका मापदण्डलाई लिएर लापरवाही देखिन थालेको भन्दै विज्ञहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । नेपालमा सङ्क्रमण घटेर नभई अर्थतन्त्रलाई चलायमान बनाउन र जनजीविकालाई सहज बनाउन निषेधाज्ञा हटाइएको हो । यो कुरा मानिसले बुझ्नुपर्‍यो र सरकारले पनि बुझाउन सक्नुपर्‍यो पर्ने वीवीसीले उल्लेख गरेको छ ।

### एक करोडको ...

अवस्था समेत सिर्जना हुने गरेको बताइन्छ ।

कार्यालयका अनुसार पूर्वी नाका काँकरभिट्टाबाट हुने कृषिजन्य वस्तुको आयातभन्दा चारगुणा बढी निर्यात बढेको छ । कार्यालयको तथ्याङ्क अनुसार आर्थिक बर्ष २०७७/०७८मा चार अर्ब १२ करोड ३८ लाख ८९ हजारको कृषिजन्य वस्तु निर्यात भएको छ भने एक करोड १९ लाख ७० हजारको आयात भएको देखिन्छ । आर्थिक बर्ष २०७६/०७७ मा ५ अर्ब २६ करोड ४ लाख मूल्यको सामग्री निर्यात भएको थियो भने दुई अर्ब ९९ करोड चार लाख मूल्य बराबरको सामग्री आयात भएको कार्यालयको तथ्याङ्कले देखाएको छ ।

पूर्वी नाका हुँदै भारत, बंगलादेशमा सबैभन्दा बढी अलैंची, अदुवा, अम्लिसो, चिया, चिराइतो, जटामसी, अमला, मजिठो, रिठ्ठा, मुसुरो दाललगायतका कृषिजन्य वस्तुको निर्यात हुने गरेको उनले बताए । उनले अलैंची, चिया, अम्लिसो अन्य कृषिजन्य वस्तुको तुलनामा बढी निर्यात भएको जानकारी दिए ।

### ४० बर्ष ...

गत जनवरीमा जेल पुग्दा दुर्गाप्रसादलाई पहिलाकै हालतमा भेट्टाएका थिए । त्यसपछि उनले भारतकै वेस्ट बंगाल रेडियो क्लबमा दुर्गाप्रसादको अवस्थाबारे खबर गरेका थिए ।

यस्तो खबर आएपछि रेडियोले नेपालका विभिन्न संयन्त्रसँग उनको वास्तविक ठेगानाबारे सूचना लिने प्रयास गरेको थियो । जेल र अदालती कागजमा 'दीपक जोशी' नाम उल्लेख भएका दुर्गाप्रसादको वास्तविक नाम, ठेगाना र परिवार त्यसपछि पत्ता लागेको थियो ।

### म्याद ...

उनीहरुले कस्मेटिकका मात्र सयौं प्रकार रहेको भनेका छन् । थप वस्तु तथा तिनका प्रकारको विषयमा अनुसन्धान शुरु भइसकेको छ- उनले भने ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## सर्वोच्चको महत्वपूर्ण आदेश

**सर्वोच्च अदालतले आरक्षणका सन्दर्भमा महत्वपूर्ण फैसला गरेको छ । डेढ दशकदेखि राजनीतिक दलहरूको दलीय अभीष्ट पूरा गर्ने हतियार बन्दै आएको आरक्षणको व्यवस्था आवश्यकताको आधारमा कार्यान्वयन गर्न सर्वोच्चले आदेश दिएको हो । अन्तरिम संविधान २०६३ मा व्यवस्था गरिएको आरक्षणले जातीय र क्षेत्रीय आधारमा अवसर प्रदान गर्दै आएको थियो । त्यही प्रावधानका आधारमा धनुषाका विजयकुमार पञ्जिकारले चिकित्सा शिक्षाको स्नातकोत्तर तह (पिजी)मा पनि जातीय आधारमा आरक्षण दिन माग गर्दै दायर गरेको रिटमा सर्वोच्चले यस्तो फैसला गरेको हो । यसले लामो समयदेखि चल्दै आएको विवादको अन्त्य गरेको छ ।**

**विभिन्न कारणले पछि परेका जाति र वर्गलाई राज्यको मूलधारमा ल्याउनु पर्छ । त्यही उद्देश्य प्राप्तिका लागि भन्दै शक्तिमा रहेका दलले अन्तरिम संविधानमा आरक्षणको व्यवस्था गरेका हुन् । आरक्षणको सामान्य अर्थले पनि त्यस्ता पछि परेका व्यक्ति वा समुदायलाई संरक्षण गर्नु भन्ने बुझाउँछ । हुन पनि समाजका सबै जाति तथा वर्गको उत्थान नभई न समाजको विकास हुन्छ न त राष्ट्रले आफूलाई विश्व समाजसँग प्रतिस्पर्धा गर्न सक्छ । त्यसकारण पनि राज्यले पछि परेका व्यक्ति वा परिवारलाई शिक्षाको अवसर दिएर राष्ट्रको मूल प्रवाहमा ल्याउनु पर्छ । त्यही उद्देश्य पछिल्लो समय राजनीतिक दलहरूको 'खेलोफड्को' गर्ने माध्यम बनेको थियो । मधेसी, महिला, आदिबासी, जनजाति र पिछडिएका वर्गलाई राष्ट्रिय मूल प्रवाहमा समाहित नगरेसम्म राष्ट्रको सर्वाङ्गीण विकास सम्भव हुँदैन । तर, त्यसलाई एउटै आँखाले हेरिरहे दीर्घकालमा राज्यका अङ्गहरू कमजोर हुन्छन् ।**

**आरक्षण मूलतः राजनीति, शिक्षा र निजामती सेवामा प्रयोग भएको छ। यही संवैधानिक प्रक्रियाअनुसार राजनीतिक व्यवस्थामा महिलालाई तेत्तीस प्रतिशत कोटा निर्धारण गरिएको छ । यस अनुसार सेवा क्षेत्रमा पनि आदिबासी–जनजाति, दलित, मुस्लिम, पिछडिएको भनेर एउटै वर्ग वा जातिलाई संरक्षण दिइरहँदा अल्छी मानसिकताको जन्म हुन्छ । यो एक हिसाबले बन्धन पनि हो र यसले क्षमता, योग्यता र उत्कृष्टतालाई महत्व दिंदैन । जसको परिणाम क्षमतावानहरू अवसर नै नपाएर पलायन हुन पुग्छन्, राज्यका सबै अङ्गहरू प्रतिष्पर्धा गर्न नसक्ने हुन्छन् । राज्यले पछि परेको वर्ग, समूह र जातिलाई अवसर दिनुपर्छ । तर, त्यसको सीमा पनि निश्चित हुनुपर्छ । अवसर पाएर सक्षम भइसकेको वर्गले जहिल्यै आरक्षणको उपयोग गरिरहने अनि उपल्लो जात वा वर्गको भनिने आर्थिक रूपले विपन्न वर्गले अवसरबाट वञ्चित भइरहनुपर्ने अवस्थाले संविधानको लक्ष्य र भावनालाई आत्मसात गर्न सक्दैन । सर्वोच्च अदालतको आदेशले एक पटक संविधान प्रदत्त सुविधा उपयोग गरिसकेकालाई सक्षमसँगै प्रतिष्पर्धा गराउन, शिक्षाको गुणस्तर कायम रहने गरी कानून तर्जुमा गर्न समेत सरकारलाई आदेश दिएको छ । जुन सकारात्मक र दीर्घकालीन हित अनुरूप छ ।**

# हृदयेशको हिन्दीले जब संसद्‌मा हंगामा भो



हरिबहादुर थापा

प्रजातन्त्र पुनःस्थापनापछि प्रतिनिधि सभाको पहिलो बैठक २०४८ असार ६ मा बस्यो । त्यो पहिलो बैठक त्यहीँ बस्यो, जहाँ दलविहीन पञ्चायती व्यवस्थाका 'माननीय'हरू बस्थे । उतिबेला पनि राष्ट्रिय पञ्चायतको त्यो सदन 'ग्यालरी बैठक'ले बहुचर्चित थियो । तर, त्यो व्यवस्थामा 'बहुदलीय व्यवस्था' शब्द उच्चारण गर्न वर्जित थियो । राष्ट्रिय पञ्चायतका सदस्यहरूले कहिलेकाहीँ झुक्किएर वा राजनीतिक आवेशमा बोलेको खण्डमा निलम्बनसम्मका सजाय भोग्थे ।

त्यही थलोमा बहुदल पुनःस्थापनापछि कांग्रेस-कम्युनिस्टका सांसदहरू बडो उत्साही शैलीमा प्रवेश गरेका थिए । पहिलो बैठकमा सभामुख निर्वाचित भइसकेका थिएनन् । ज्येष्ठ सदस्यको हैसियतमा कांग्रेस सांसद खलिल मियाँ अन्सारीको अध्यक्षतामा पहिलो बैठक बसेको थियो । सुनसरी भोक्राहाबासी ७४ वर्षीय मियाँ राणाकालदेखि कांग्रेस राजनीतिमा क्रियाशील थिए, त्यो पनि अनगन्ती पटक जेल सजाय भोग्दै ।

पहिलो बैठकमै एमाले सांसद द्रोणप्रसाद आचार्यको 'नियमापत्ति' आयो । उनको नियमापत्ति थियो- 'माननीय बस्ने क्रम तोक्नुपर्छ ।' राष्ट्रिय पञ्चायतकै 'जनपक्षीय माननीय' आचार्य अनुभवी थिए । उनले पञ्चायतकालीन 'माननीय'को अनुभव प्रयोग गर्दै 'नियमापत्ति' शब्द उच्चारण गरे । बहुदलपछिको त्यो नै पहिलो 'नियमापत्ति' थियो । तर, मिया अन्यौलमा परेको देखिन्छ । उनको 'नियमापत्ति' जवाफ फर्काउने क्रममा मियाँले एक्कासि हिन्दीमा बोले । उनले भने- 'सभामुखको चुनावपछि क्रम तोक्नुहुन्छ ।' फेरि आचार्यको नियमापत्ति आयो- 'सदनको काम-कारवाही राष्ट्रभाषामा चल्नुपर्छ । जुन भाषा प्रयोग भएको छ, त्यसमा मेरो गम्भीर आपत्ति छ ।'

आचार्यको नियमापत्ति सकिँदा नसकिँदै मियाँले तत्कालै सदन स्थगितको घोषणा गरे । त्यसपछि त्यो 'नियमापत्ति' त्यत्तिकै सेलायो । मियाले केही बोलेको भए, आपत्ति-नियमापत्ति बढ्ने देखिन्थ्यो । उनले सदन स्थगित गरेपछि त्यो विषय त्यत्तिकै 'मत्थर' भएको संसदीय रेकर्डिङ उतारिएको विवरणमा देखिन्छ । २०४८ पछिको प्रारम्भिक संसद अधिवेशन कालमा यो पंक्तिकार संसदीय संवाददाता थिएन । यद्यपि आफू रिपोर्टिङमा संलग्न नभएको राष्ट्रिय पञ्चायत र संसदीय विवरण अध्ययन गर्ने रहर जाग्यो । उतिबेला प्रतिनिधि सभाको बैठक तोकिएको समयमा चल्दैनथ्यो । खाली समय उपयोग गर्ने क्रममा संसद सचिवालयको 'अति सुरक्षित' कक्षमा राखिएको 'रेकर्डिङ उतार-विवरण अध्ययन गर्ने' रहर जाग्यो ।

त्यो कक्षमा न माननीय प्रवेश गर्थे, न संसदीय संवाददाता नै । जो प्रवेश गर्थे, तिनले नाम-नामेसी लेख्नुपर्थ्यो । त्यो कोठाका तालाचाबी लिएका सचिवालयका कर्मचारीले भनेका थिए- 'कसैलाई रुची छैन, तपाईंलाई चाहिँ किन ?' जवाफ दिएँ- 'मलाई संसद र राष्ट्रिय पञ्चायतका पहिलो बैठक कसरी चल्दा रहेछन् भनी हेर्ने रहर लाग्यो । त्यसकारण २०१६ असार १६ को प्रतिनिधि सभा, २०२० वैशाख १ को राष्ट्रिय पञ्चायत र २०४८ असार ६ को विवरण हेर्न दिनुपर्‍यो ।'

सचिवालयका ती कर्मचारीले फाइलमा नाम-नामेसी लेख्दै त्यो बन्द कोठामा प्रवेश दिए । जहाँ राष्ट्रिय पञ्चायत र बहुदलकालीन माननीयका बोली उतारका ढड्डाले थुप्रै दराज भरिएका थिए । यो तिनै विवरण ढड्डा पल्टाउँदै डायरीमा टिपिएको थियो, हिन्दी भाषा प्रकरण पनि । त्यसकारण यो आलेख चाहिँ 'देखेको' भन्दा संसदीय 'विवरण'मा आधारित छ । त्यसकारण संसदीय डायरीभन्दा अलि पृथक् छ । जसरी 'हिन्दी' भाषाले पहिलो बैठकमै 'नियमापत्ति'ले प्रवेश पायो, त्यसपछि दोस्रो बैठकमा पनि त्यसरी नै 'भाषा विवाद' कायमै रहेको देखिन्छ ।

२०४८ असार ९ मा दोस्रो बैठकको कार्यसूची चाहिँ सभामुख निर्वाचन गर्ने थियो । प्रजातन्त्र र संसदीय व्यवस्था पुनर्वहालीपछिका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सभामुखका निम्ति दमननाथ ढुंगानालाई प्रस्ताव गरे । त्यसरी उम्मेदवारी प्रस्ताव गर्दा लामै भाषण दिने प्रचलन दिने गर्थे । तर, कोइरालाले निकै छोटो बोलेको देखिन्छ । उनले यति मात्रै भने- 'ढुंगानाबारे मैले धेरै भन्नु छैन । भरिएको गाग्रोलाई भरेर खेर फाल्न म चाहन्नँ । धेरै कुरा गरेर खेर पनि फाल्न चाहन्नँ ।'

कोइरालाले ढुंगानाका हकमा 'सर्वसम्मति' खोजेका थिए । अनि अर्को उम्मेदवारी पनि परेन । त्यसपछि ढुंगाना 'सर्वसम्मत' सभामुख बने । दलीय नेताहरूले नयाँ सभामुखलाई बधाई तथा शुभकामना दिने नै भए । सँगै 'निष्पक्ष भूमिका' पनि खोज्ने नै भए । त्यही क्रममा सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंह बधाई दिँदै थिए । उनले 'नियमापत्ति'को चर्कै स्वर खेप्नुपर्‍यो । कारण थियो- हिन्दी बोली । सिंह नवनिर्वाचित सभामुख बधाईमा भन्दै थिए, 'सदनले बुद्धिमान, एक कर्मशील भलादमीलाई सभामुख पाएको छ...।'



उनी पनि त्यो ग्यालरी बैठकका अनुभवी पात्र थिए । अर्थात्, पञ्चायतकालमा पनि सप्तरीबाट राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भएका थिए । उनले बधाईमा राष्ट्रिय पञ्चायतकै अनुभव सुनाउँदै थिए- 'म यो सदनमा यसभन्दा अघि पनि बसिसकेको हुँ । जुन एक भय र त्रासको वातावरण हुन्थ्यो । सदस्यहरूको मनबाट भय र त्रासको वातावरण हटाउन त्यो बेला त्यो कुर्सीमा अध्यक्ष बस्नुहुन्थ्यो, उहाँ असफल हुनुहुन्थ्यो । जबकि नयाँ व्यवस्था छ र नयाँ परिस्थिति छ, अब त्यस्तो हुनेछैन ।'

अर्थात्, पञ्चायतकालका अन्तिम राष्ट्रिय पञ्चायत अध्यक्ष नवराज सुवेदी पञ्चायत विरोधी सीमित राष्ट्रिय पञ्चायत सदस्यका निम्ति कठोर नै थिए । उनी 'बहुदल' बोल्नेलाई समेत कारवाही गर्न अग्रसर हुन्थे । तर, उनका हकमा पञ्चायतकालीन राष्ट्रिय पञ्चायत सदस्य भीमबहादुर श्रेष्ठको नियमापत्ति आयो । अर्थात्, राष्ट्रिय पञ्चायतकै मित्रबाट 'नियमापत्ति'को सामना गर्नुपर्‍यो । श्रेष्ठ नेपाल कम्युनिस्ट पार्टी (प्रजातन्त्रवादी)का सांसद थिए । उनी 'जनपक्षीय' राष्ट्रिय पञ्चायत सदस्य थिए । उनको नियमापत्ति वाक्य थियो- 'हिन्दी भाषा विदेशी भाषा हो कि होइन ? हिन्दी भाषा व्यवहारमा लागू गर्न पाइन्छ कि पाइँदैन ?'

प्रतिनिधि सभा नियमावलीको नियम २२२ मा सदन र समितिको काम-कारवाही राष्ट्रभाषामा हुने व्यवस्था थियो । ढुंगानाबाट रुलिङ भयो- 'सदस्यबाट नियम पालना हुनुपर्छ । तर, नियमका केही यस्ता व्यवस्था पनि हुन्छन्, जुन कि सदस्यहरू स्वयंले अनुभूत र ग्रहण गर्नुपर्छ । राष्ट्रभाषा प्रयोग गर्न आग्रह गर्छु ।' त्यसमा फेरि आचार्यको नियमापत्ति आयो- 'हिन्दी बोली, संसदीय रेकर्डबाट फिर्ता गर्न रुलिङ होस् ।' सभामुख ढुंगानाले भने- 'राष्ट्रभाषा प्रयोग गर्न अनुरोध गरिएको छ, अब त्यो पलना गर्नु उहाँको कर्तव्य हो ।' त्यो दिन 'आपत्ति', 'नियमापत्ति'को प्रमुख विषय 'हिन्दी भाषा' रह्यो ।

हिन्दी भाषा प्रकरण त्यत्तिमै सकिएन । प्रतिनिधि सभाको २०४८ असार २० मा बसेको नवौँ बैठक 'हिन्दी' भाषाले चर्काएको भेटियो । त्यो दिन नीति तथा कार्यक्रममाथि बोल्ने क्रममा सद्भावना पार्टीका सांसद हृदयेश त्रिपाठी हिन्दी भाषा प्रयोग गर्न उत्साहित भएपछि फेरि भाषा विवादमा सदन रन्थनिन पुगेको देखिन्छ । उनको बोलीसँगै संसद्मा फेरि आपत्ति-नियमापत्तिको पर्रा लामै र राम्रैसँगै चलेको देखिन्छ ।

त्रिपाठीले सदनमा 'सम्माननीय सभामुखज्यू' भनी सम्बोधन गरेसँगै आपत्ति-नियमापत्ति चलेको देखिन्छ । उनी हिन्दी भाषा प्रयोग गर्न खोज्थे, उता होहल्ला शुरु भइहाल्थ्यो । फेरि आचार्यको नियमापत्ति आयो, 'सदनको काम-कारबाही राष्ट्रभाषामा चल्नुपर्छ । जुन भाषा प्रयोग भएको छ, त्यसमा मेरो गम्भीर आपत्ति छ ।' त्यसपछि सभामुख ढुंगानाले त्रिपाठीसँग प्रश्न गरे- 'माननीय सदस्य, तपाईंलाई नेपाली बोल्न कुनै कठिनाई छ ?' तर, त्रिपाठी चाहिँ नेपाली भाषा प्रयोग गर्न नचाहेपछि सदन हंगामा परिणत भएको देखिन्छ । सभामुख ढुंगाना, त्रिपाठीलाई बोल्न समय दिन्थे, उनी उही हिन्दी भाषा प्रयोग... । संसदीय रेकर्डमा उनले बोलेका हिन्दी भाषण चाहिँ 'रेकर्ड'मा उतारिएको भेटिँदैन । अर्थात् हिन्दी लवजलाई संसदीय 'रेकर्ड'ले बुझ्दैनथ्यो ।

फेरि सभामुख प्रश्न गर्थे- 'माननीयज्यूलाई राष्ट्रभाषा बोल्न कठिनाई छ ?' त्यसको जवाफ पनि त्रिपाठी नेपालीमा दिँदैन थिए । सभामुख र त्रिपाठीबीच निकै चोटि जुहारी-प्रश्नोत्तर चलिरहेको देखिन्छ । त्यसपछि सभामुख-त्रिपाठी मात्र होइन कि अरु सांसदहरू आपत्ति-नियमापत्ति उत्रिएको देखिन्छ । अनि सांसदहरू जुहारीबीच त्रिपाठी हिन्दी मै... ।

कांग्रेसका प्रमुख सचेतक गोविन्दराज जोशीले भने- 'उहाँलाई नेपालीमा कठिनाई होला, त्यसरी नै हामीलाई हिन्दी बुझ्न कठिनाई भएको छ । हामी हिन्दी नबुझ्ने पनि यहाँ भएको हुनाले बुझ्दै नबुझ्ने भाषामा कानुन र नियम विपरीत बोल्न अनुमति नदिइयोस् ।'

त्यहीबीचमा कांग्रेस सांसद डा. रामवरण यादव पनि नियमापत्तिमा उत्रिए । उनको आपत्ति थियो- 'नेपालको संविधानमा नेपाली भाषा राष्ट्रभाषा हुनेछ । क्षेत्रीय भाषाहरू राष्ट्रिय भाषा लिएको छ । यदि माननीय सदस्यलाई नेपाली भाषामा कठिनाई छ भने आफ्नो मातृभाषा मैथिली, भोजपुरी या अवधि या थारु भाषामा बोले हुन्छ । म हाउसलाई यो निवेदन गर्न चाहन्छु कि नेपालको कुनै एउटा गाउँ, मलाई कुनै बुद्धिजीवीले या नेपालको एउटा नागरिकले देखाइदिओस् कि जुन गाउँको भाषा हिन्दी होस् ।'

डा. यादव पनि तराईको जिल्ला धनुषाबाट प्रतिनिधित्व गर्थे । उनको 'नियमापत्ति'मा प्रयोग भाका पनि रोचक देखिन्छ- 'आमाको गर्भबाट जन्मेपछि 'माँ हामको दूध दो', 'मा हामको भात दो' कुनै नेपालीले भनेका छैनन् । उहाँले निश्चय पनि जन्मेपछि 'माई हामरा दूध दे', 'माइ हामरा भात दे' भन्नुभएको होला ।'

अनि डा. यादवले त्रिपाठीसँगै प्रश्न गरे- 'उहाँले आफ्नो आमालाई लात मारेर अरुको आमाको दूध उहाँलाई किन मीठो लागिरहेछ ? म जान्न चाहन्छु, आज त्रिपाठीजीलाई आफ्नो आमाको दूध मीठो नलागेर अरुको आमाको दूध किन मीठो लागिरहेछ ?'

त्यो हिन्दी भाषाले निकै अप्ठ्यारोमा परेका सभामुख ढुंगानालाई डा. यादव प्रश्नले निकै राहत दिलाएको देखिन्छ । अनि ढुंगानाले पनि त्रिपाठीलाई प्रश्न गरे- 'माननीय सदस्य त्रिपाठीजी तपाईंले सदनबाट आएका आवाजहरू सुन्नुभयो ? तपाईं राष्ट्रभाषामा कोशिस गर्न सक्नुहुन्छ ?' तर, त्रिपाठी किन बोल्थे र नेपालीमा ? त्यसपछि सभामुख भन्थे- 'उहाँलाई कोशिस गर्न दिऊँ ।' तर, के हुन्थ्यो र ? त्रिपाठीको नेपाली बोली प्वाक्क पनि फुटेन । फेरि हिन्दी भाषामा... संसदको । त्यसकारण संसदीय रेकर्डमा त्यतिमात्र उल्लेख छ (हिन्दी भाषामा बोल्नु भएको).... ।

त्रिपाठीको भनाइ रहेछ- 'तराईमा मत चाहिँ हिन्दी माग्ने, पोस्टर पनि हिन्दीमा छाप्ने अनि त्यो जनताप्रति गद्दारी होइन ? हिन्दी तराईको सम्पर्क भाषा हो । तसर्थ, कोशिस म गर्नेछु, यदि बीचमा एक्सप्रेस गर्दाखेरि अप्ठ्यारो पर्‍यो भने... ।' सभामुख ढुंगानाले सुझाए- 'राष्ट्रभाषा कोसिस गर्नुस्, मातृभाषामा कोशिस गर्नुस्, तपाईंलाई साँच्चै कठिनाई हुन्छ ।' तर, उनले भने- 'मातृभाषा' अरुले निर्णय गरिदिने होइन ।'

अनि त्रिपाठीले कतिपय बेला नेपाली र कतिपय बेला हिन्दी प्रयोग गरे । उनको नेपाली भाषण चाहिँ संसदसँग सुरक्षित छ । अनि हिन्दी बोल्नुभएको मात्र उल्लेख छ । अर्थात्, उनका हिन्दी बोली संसदीय रेकर्डमा भेटिँदैन । त्यसबीचमा सांसदहरू नियमापत्तिको पर्रा छुट्थ्यो नै । अनि सभामुख रुलिङ हुन्थ्यो- 'उहाँ राष्ट्रभाषामा बोल्ने प्रयास गर्दै हुनुहुन्छ, प्रयास गर्न दिनुस् । उहाँ प्रयास गर्नुहुन्छ ।'

त्यो दिन त्यसरी नै आपत्ति-नियमापत्ति, सभामुखको रुलिङले संसद चलेको देखिन्छ । पहिलो संसदीय कालखण्ड, अनि भर्खर-भर्खर ग्यालरी बैठमा उदाएका माननीय । धेरैलाई लाग्थ्यो पनि होला, त्रिपाठीलाई नेपाली बोल्न आउँदैन भने किन बाध्य पारिएको होला ?

तर, वास्तविकता त्यस्तो थिएन । संसदीय संवाददातासँग निकै घुलमिल गर्ने त्रिपाठी संसद परिसर, संसदीय समिति, क्यान्टिनमा ठेट नेपाली लबजमा मात्र होइन कि मीठो बोली बोल्थे । सदन बाहिर उनी खुब मीठो नेपाली लबज प्रयोग गर्थे । अझ संसदीय समितिमा उनको भाका र लिखित भाषा पूरै शुद्ध । अनि मिठास पनि उत्तिकै ।

अझ उनमा माननीयहरूलाई हँसीमजाकमा उडाउन सक्ने क्षमता पनि अपार नै थियो । त्यो शैली देखिएपछि लाग्ने नै भयो, 'भाषाको राजनीति.... ।' राजनीति भनेको 'अजिब'को हुँदो रहेछ । पछि मन्त्री पदसँगै सत्तारूढ हुँदै गएपछि सदनले पनि उनको ठेट नेपाली भाका सुन्न पायो । प्रारम्भिक चरणकै संसदीय क्रियाकलापले देखाउँथ्यो कि 'हिन्दी भाषा'ले संसदीय बहसको एउटा पाटो बन्नेछ । बेलाबखत हिन्दी भाषा प्रकरण यसरी उब्जिने गर्छ । *इकागज*

# कम्पनी तथा फर्म नवीकरणमा छुटको अवसर

सुशीलकुमार अग्रवाल

आर्थिक अध्यादेश-२०७८ ले कम्पनी रजिस्ट्रारमा दर्ता भएका कम्पनीहरु तथा प्राइभेट फर्म रजिस्ट्रेशन ऐन २०१४ अन्तर्गत दर्ता रहेका साझेदारी वा एकलौटी फर्महरुले आफ्नो कम्पनी वा फर्मलाई सम्बन्धित कार्यालयमा कुनै पनि कारणले आ. व. २०७५/०७६ सम्मको नवीकरण वा अध्यावधिक गराउन छुटेको छ भने त्यस्ता कम्पनी तथा फर्महरुलाई यस पटकको बजेटले २०७८ असोज मसान्तसम्म नवीकरण तथा अध्यावधिक गराएमा साविकमा लाग्ने जरिवाना तथा शुल्कको ९०% छुट दिएको छ।

कम्पनी रजिस्ट्रारको कार्यालयले उक्त छुट दिन नमानेको अवस्थामा विभिन्न संघ-संस्थाहरूको पहलमा कम्पनी रजिस्ट्रारको कार्यालयले जारी गरेको सूचनाले जुनसुकै अवस्थाको जरिवानामा उक्त छुट दिने भनी स्पष्ट भएको छ। विभिन्न व्यक्तिहरू मिली विभिन्न उद्देश्यहरु राखेर कम्पनी खोल्ने प्रचलन धेरै रहेको छ। तर, कम्पनी दर्तापश्चात कार्यालयमा प्रत्येक वर्षको कम्पनीको वित्तीय विवरण तथा समय-समयमा भएका अन्य निर्णयहरुको जानकारी, वार्षिक साधारण सभाको बैठकको जानकारी, शेयर भुक्तानी वा शेयरधनीमा फेरबदल, शेयर किनबेच, सञ्चालक समितिको लागत, लेखापरीक्षकको नियुक्ति इत्यादि जानकारीहरु तोकिएको समयभित्र गराउनुपर्ने हुन्छ।

विगत केही वर्षदेखि बिद्युतीय माध्यममा समेत उक्त जानकारीहरु पठाउने सुविधा प्रदान गरेको छ। सम्पूर्ण जानकारीहरु तोकिएको समयभित्र कार्यालयको web-site:www.ocr.gov.np मा पठाएको अवस्थामा कम्पनीको विवरण अध्यावधिक गराउँदा कुनै किसिमको जरिवाना वा शुल्क तिर्नु पर्दैन। तर, समयभित्र जानकारी नपठाएको अवस्थामा चर्को जरिवाना बुझाउनुपर्ने प्रावधान रहेको छ।

उक्त जरिवानाहरु कम्पनीको चुक्ता पुँजीको आधारमा निर्धारण हुन्छ। जस्तैः प्रत्येक वर्ष दफा ५१ को विवरण




तोकिएको ढाँचामा बुझाउनु पर्दछ। यदि नबुझाएको खण्डमा एक करोड़भन्दा बढी चुक्ता पुँजी भएको कम्पनीले दफा ५१ को विवरण नबुझाएको अवस्थामा एक प्रत्येक वर्षका लागि रु.२००००/- जरीवाना तिर्नु पर्दछ। मानीलिउ कुनै कम्पनीले दफा ५१ को विवरण पाँच वर्षदेखि बुझाउन छुटाएको रहेछ भने पहिलो वर्षको २००००×५=१,००,०००/-(एक लाख) दोस्रोको ८००००/-, तेस्रोको ६००००/- गर्दै कूल ३,००,०००/-( तीन लाख) जरिवाना निर्धारण हुन्छ। अन्य विवरण नबुझाएको जरिवाना छुट्टै लाग्छ। तसर्थ, समयमा बुझाउँदा केही शुल्क नलाग्ने भए पनि समयमा नबुझाएको अवस्थामा चर्को जरिवाना तिर्नुपर्ने अवस्था रहेको छ। अहिले असोज मसान्तभित्र नवीकरण गर्दा माथिको जरिवानाको सट्टा ३० हजार मात्र तिर्नु पर्छ। कारोवार बन्द भएका वा कम कारोवार भएका कुनै-कुनै कम्पनीको जरिवाना कम्पनीले तिर्न नसक्ने रहेको वा अत्यधिक धेरै रहेको हुनाले त्यस्ता कम्पनीहरुलाई अध्यावधिक गराउन समस्या उत्पन्न भएकोले यसपालीको बजेटले गरेको छुटको व्यवस्थाले सबैका लागि सुनौलो मौका प्रदान गरेको भन्न सकिन्छ।

कम्पनी रजिस्ट्रारको कार्यालयको तथ्यांक अनुसार हाल कूल दुई लाख ६२ हजारभन्दा बढी कम्पनी दर्ता रहेको मध्ये ५०% भन्दा धेरैले विवरण अध्यावधिक गराउन बाँकी रहेको छ। केही कम्पनीहरुले दर्ता भएपछि कुनै प्रकारको जानकारी कार्यालयमा बुझाएका छैनन्। तिनीहरुलाई यसको जानकारी समेत रहेको छैन। दर्ताका समयमा कुनै कानून व्यवसायीलाई कम्पनी दर्ता गर्ने जिम्मेवारी दिएर कम्पनी दर्ता गराएपछि के-के गर्नुपर्छ भन्ने जानकारी लिँदैनन्। उक्त कम्पनीको इमेल आईडी र पासवर्ड मेत लिनुपर्छ भन्ने जानकारी हुँदैन। केहिले कम्पनीका शेयरधनीहरुलाई कम्पनीको इमेल आईडी र पासवर्ड उपलब्ध गराउन आनाकानी समेत गर्छन्।

तसर्थ, कम्पनी खोल्नुभन्दा पहिला नै कति पुँजी राख्दा हुने, खोलिसके पछिका प्रावधानहरुका बारेमा यसका बिशेषज्ञबाट राय तथा जानकारी प्राप्त गरेर मात्र कम्पनी दर्ता गर्दा दर्ता पछिको जोखिमबाट बच्न सकिन्छ। समयसीमा २०७८ असोज मसान्तसम्म मात्र भएको हुनाले सबैले समयभित्र सचेत भई विगतका त्रुटिहरु सच्याउन प्रदान गरिएको मौकामा आफ्नो कम्पनीहरुको विवरण अध्यावधिक गराई मौकाको सदुपयोग गर्न सुझाव छ।

skumar71001@gmail.com



**कोरोना कहर** : झापाको हल्दिबारी गाउँपालिका–४ का बालक कोरोना संक्रमणका कारण विद्यालय बन्द भएपछि नजिकको एसियाकै जैविक विविधता भएको जलथल जंगलबाट अर्ग्यानिक निगुरो टिपेर बेच्न स्थानीय बजारमा ग्राहकको पर्खाइमा । *तस्वीर : नेत्रविक्रम बिमली*

# हेर्न लायक डकुमेन्ट्री ‘मायाको संसार’




नेपाली डकुमेन्ट्री क्षेत्रमा झापाबाट एउटा राम्रो सिर्जना थपिएको छ । काठमाडौं केन्द्रित परम्परालाई तोडदै झापाबाट पनि उत्कृष्ट डकुमेन्ट्री बन्न सक्छ भन्ने प्रमाणित भएको छ- नेपाली नयाँ डकुमेन्ट्री फिल्म ‘मायाको संसार’ ।

पारिवारिक वियोग, सशस्त्र द्वन्द्व, एकल महिलाको संघर्ष र सफलतालाई समेटिएको नेपाली डकुमेन्ट्री फिल्म ‘मायाको संसार’ साउन १५ गते सार्वजनिक भएको हो । इलामकी मायादेवी भण्डारी भट्टराईको वास्तविक जीवन कथालाई ४७ मिनेटको डकुमेन्ट्रीमा अटाएर पत्रकार रामप्रसाद ढुंगेलले पत्रकारिताका साथमा नेपाली डकुमेन्ट्री फिल्डमा राम्रो सम्भावना देखाएका छन् ।

नेपालमा माओवादीले चलाएको सशस्त्र द्वन्द्वले नेपाली जनजीवनमा पारेको असर र त्यसले उत्पन्न गरेको पारिवारिक वियोग, एकल महिलाले गर्नुपरेको संघर्ष र संघर्षपछिको सफलतालाई सिलसिलेबार प्रस्तुत गरिएको मायाको संसारले एउटा पारिवारिक जीवनको करिब १५ वर्षको अन्तरालमा आएका उतारचढावलाई देखाएको छ ।

इलामको सामाजिक, राजनीतिक, व्यावसायिक जीवनमा परिचित व्याक्तित्व माया भट्टराईका वास्तविक जीवन कथालाई तीन वर्षको रिसर्च, तीन दिनको सुटिङ र तीन महिनाको सम्पादनमा सार्वजनिक गर्न सफल भएको यसका परिकल्पनाकार तथा लेखक ढुंगेलले बताएका छन् । डकुमेन्ट्री हेर्न लायक बनेको छ । केही प्राविधिक त्रुटि भए पनि मार्मिक कथा तथा दृश्यले दर्शकलाई रुवाउने अवस्था फिल्माङ्कन गरिएको छ ।

डकुमेन्ट्रीमा वास्तविक क्रियाकलाप, पात्र, बाइट र संवाद राखिएको छ । गत वैशाख ७ गतेकै दिन सुटिङ प्रारम्भ गरिएको यस डकुमेन्ट्री बिर्तामोडको समृद्धि फोटो भिडियो सेन्टरले उत्पादन गरेको हो । यसको छायांकन र सम्पादनमा सिनेमाटोग्राफर देवेन्द्र निरौलाको योगदान रहेको छ । युएईको राजपरिवारमा करिब १० वर्ष भिडियोग्राफी गरेर भर्खर नेपाल फर्किएका निरौला समृद्धि फोटो भिडियो सेन्टरका संस्थापक/प्रमोटर पनि हुन् ।

हरि बस्नेतको निर्देशन रहेको यो डकुमेन्ट्रीको सम्पादन रामप्रसाद ढुंगेल, देवेन्द्र निरौला, मिलन संग्रौला, हरि बस्नेत र पूर्णप्रसाद ढुंगेलले गरेका हुन् । सन्देश कार्कीले ध्वनि नियन्त्रकका रुपमा काम गरेका छन् भने ऋचा उप्रेतीको भोइस ओभर रहेको छ ।

नेपाल पत्रकार महासंघ युएई शाखाका सहसचिव रहेका ढुंगेलले यस अगाडि योगदान राष्ट्रको लागि शीर्षकमा एक डकुमेन्ट्री तयार पारेका थिए । समृद्धि टिभी नामको युट्युब च्यानल मार्फत सार्वजनिक भएको ‘मायाको संसार’ बिद्या चापागाईंको हेर्ने कथाबाट प्रभावित छ । यसले उठान गरेको विषयवस्तु दरिलो छ । यो डकुमेन्ट्री हेरेर यसको दरिलो पक्ष नै मार्मिकता, कलात्मकता, प्रस्तुतिकरण र सन्देशमूलक रहेको दर्शकहरुले प्रतिक्रिया दिएका छन् ।

# हिरासत गृहलाई सामग्री हस्तान्तरण



**दमक, साउन १९।** इलाका प्रहरी कार्यालय दमकको हिरासत गृहमा प्रयोग गर्ने गरी चार थान टेबल पंखा र केही पुस्तकहरु दुईजना व्यवसायीहरुले उपलब्ध गराएका छन् ।

साहित्यकार तथा मिन्ट सर्जिक दमकका सञ्चालक मेची पुत्र र होटल पेरुङ्गोका सञ्चालक बाटोघरे कान्छाले हिरासत गृहमा गर्मीको समयमा समस्या रहेकोले टेबल पंखा र अध्यनको लागि केही साहित्यिक पुस्तकहरु उपलब्ध गराएका छन् ।

विभिन्न घटनामा संलग्नको अभियोग लागेका व्यक्तिहरुलाई अनुसन्धानका राखिने हिरासत गृहमा पंखा नहुँदा गर्मीमा धेरै समस्या भएको देखेर आफूहरुले मानवीय सहयोग स्वरुप चार थान पंखा सहयोग गरेको मेचीपुत्रले बताए । त्यसैगरी हिरासतमा आएकाहरुलाई समय बिताउनका लागि र केही सकारात्मक सोचको विकास गर्न साहित्यिक पुस्तकहरु समेत उपलब्ध गराइएको उनले बताए ।

इलाका प्रहरी कार्यालय दमकमै पुगेर उक्त सामग्रीहरु कार्यालय प्रमुख तथा प्रहरी नायव उपरीक्षक नवराज कार्कीलाई हस्तान्तरण गरिएको हो । उक्त सामग्री हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस दमक नगर सचिवद्वय प्रकाश प्रसाईं र युवराज खनाल सागर लगायतको सहभागिता रहेको थियो ।

# ‘रुद्र निरौला स्मृति ग्रन्थ’ लोकापर्ण

**दमक, साउन १९।** साहित्यकला सङ्गम दमकका संस्थापक अध्यक्ष रुद्र निरौलाको स्मृतिमा ‘रुद्र निरौला स्मृतिग्रन्थ’ लोकापर्ण गरिएको छ ।

उनकी जीवन सङ्गिनी शारदा निरौलाद्वारा लिखित ‘पतिवियोग’ नामक शोक काव्यको दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष हेमनाथ अधिकारीले लोकार्पण गरे ।

स्वर्गीय निरौलाले २०५२ पुसमा सङ्गम स्थापनाकालदेखि २०७२ साल असोजसम्म सङ्गमको अध्यक्ष भएर काम गरेका थिए । लामो समयदेखि मृगौला रोगबाट थलिएका उनको २०७७ साल असार २७ गते निधन भएको थियो ।

विभिन्न साहित्यिक, धार्मिक, राजनीतिक व्यक्ति तथा समकालीन र उनका परिवारजनको स्मृतिबारे अनुभूति सङ्कलन गरेर शोककाव्य प्रकाशित गरिएको साहित्यकला सङ्गमका अध्यक्ष नरपति पाण्डेले बताए ।

विमोचित पुस्तक मध्ये ‘पतिवियोग’ शोककाव्यको समीक्षा रघुनाथ भण्डारीले गरेका थिए भने हरि नेपाल स्मृति प्रतिष्ठानका अध्यक्ष नेत्रप्रसाद दाहाल लगायतले स्वर्गीय निरौलाको बारेमा चर्चा गरेका थिए ।

# मजदुरको ज्याला लुट्ने नौ वर्षपछि पक्राउ

**झापा, साउन १९।** मजदुरहरुको ज्यालाको रकम लुटेर फरार रहेका एक व्यक्ति नौ वर्षपछि पक्राउ परेका छन् ।

वि.सं.२०६९ मा सडक कामदारको रु. आठ लाख ५१ हजार पाँच सय ज्यालाको रकम लुटेर भागेका ३१ वर्षीय सुवास विश्वकर्मालाई जिल्ला प्रहरी कार्यालय भोजपुरले पक्राउ गरेको हो ।

कामदारलाई वितरणका लागि निर्माण समितिका अध्यक्ष धनबहादुर राईले लगेको रकम भोजपुर नगरपालिका–२ हेलौंछाको जङ्गलबाट लुटेर विश्वकर्मा फरार भएको प्रहरीले जनाएको छ ।

वि.सं. २०७३ मा जिल्ला अदालत भोजपुरले विश्वकर्मालाई छ वर्ष कैद र रु. १२ लाख ७७ हजार दुई सय ५० जरिवानाको फैसला गरेको थियो । फैसला तोकिएका विश्वकर्मालाई झापाको बेलडाँगीबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख राजकुमार राईले जानकारी दिए ।

# मृगौली रोगी बालकलाई सहयोगको खाँचो

**दमक, साउन १९।** मृगौलामा समस्या देखिएपछि आर्थिक अवस्था कमजोर भएका झापा, कमला गाउँपालिका-वडा नं २ का भण्डारी परिवारले सहयोगको लागि अपिल गरेका छन् ।

ज्योति माध्यमिक विद्यालय कक्षा १ मा अध्ययनरत् ६ वर्षीय बालक मानबहादुर भण्डारीको मृगौलामा समस्या आएपछि पीडित परिवारले उपचारका लागि याचना गरेका हुन् । बिरामीका पिता शारीरिकरुपमा अशक्त भएका र उपचारका लागि उनी अध्ययनरत् विद्यालयका शिक्षकहरुले पहल थालेका हुन् ।

बिरामीको अहिले दमकस्थित आम्दा अस्पतालमा वेड नं. ५४ मा उपचार भइरहेको छ । थप उपचारका लागि बिरामीलाई सुविधासम्पन्न अस्पतालमा लैजानुपर्ने र त्यसका लागि परिवारसँग आर्थिक स्थिति अत्यन्तै नाजुक भएपछि सहयोगी मनसँग याचना गरिआएको शिक्षक दुर्गाबहादुर न्यौपानेले बताए । उनले बिरामी बालकलाई बचाउन आर्थिक सहयोगका लागि सबैसँग अनुरोध गरेको बताए ।

त्यस्तै दमकका सामाजिक अभियन्ता काजी राउतले बिरामी बालकको उपचारमा सहयोग जुटाउन सञ्चालित अभियानबाट रु. ३५ हजार बढी रुपैयाँ जम्मा भएको बताए ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
‘चट्ट फोन झट्ट सेवा’



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**कर्मचारी आवश्यकता**
बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु–आवश्यकता ।
कुक : २ जना हेल्पर : २ जना
डिस वासर : १ जना
सम्पर्कः ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३–५४५४५७

**कर्मचारी आवश्यकता**
ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला ।
पदः पीआरओ
संख्याः ८ जना (महिला/पुरुष)
योग्यताः +२ वा सो सरह
तलबः १३,६०० सम्म
सम्पर्कः G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340
नोटः सञ्चयकोष । यातायात । नास्ता । बोनसको व्यवस्था रहेको छ ।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**
बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६–९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।
अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**सटर भाडामा**
बिर्तामोड नगरपालिका–३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ । व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु–सम्पर्क गर्नुहोला ।
मो. ९८१४०२७४६१, ९८४२६५४६३८

**पसल तु-बिक्रीमा**
बिर्तामोडस्थित शनिश्चरे रोडमा अति चालू अवस्थाको कोल्ड सेन्टर तु–बिक्रीमा छ ।
मो. ९८१४९६३४८८

**सुरक्षा गार्डको आवश्यकता**
२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला ।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनको डर उत्साहमा रूपान्तरित हुनेछ । पढाइमा गुरुजनको मार्गदर्शन उपयोगी हुनेछ । सहपाठीहरू पछि पर्ने छन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले प्रतिष्ठा दिलाउनेछ । दिगो काम प्रारम्भ गर्ने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला, महत्वाकांक्षी योजना थालनी हुनेछ । स्वास्थ्यमा सचेत रहनुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** विभिन्न अवसर प्राप्त हुनुका साथै सफलताको यश प्राप्त गर्ने छ । नियमित कामले पनि उत्साह जगाउनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सहयोगीहरूले प्रतिस्पर्धाको दौडमा जित दिलाउन सक्छन् । श्रम गर्नुपरे पनि मनग्गे धनलाभ हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ हुन सक्छ । सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । रचनात्मक काममा जुट्ने समय छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** खर्च हुने डरले सताउन सक्छ । वादविवादबाट टाढा रहनुहोला । अर्थ अभावले सताए पनि आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** इर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुपर्ने समय छ । आजको मेहनतले भविष्यमा प्रतिष्ठा दिलाउनेछ ।